संघीय संसद
अर्थ समिति

मितिः २०७५/०८/१२
बैठक संख्याः १३
समयः १:००

मिति २०७५/०८/११ गते बसेको समितिको वैठकमा माथिल्लो मर्स्याङ्गदी -२ को लाइसेन्स, होल्डर कम्पनी GMR बाट चिनियाँ कम्पनीलाई विक्री गरेको सम्बन्धमा नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थमन्त्रालयका राजश्व सचिव र लगानी वोर्डका प्रमुख कार्यकारी निर्देशक सँग छलफल भई मिति २०७५/०८/१२ को वैठकबाट देहायका निर्णय भयोः

नेपालमा जलविद्युत विकास सम्बन्धी नीतिगत, कानुनी, प्राविधिक, आर्थिक लगायतका समग्र पक्षमा अध्ययन गरी समिति समक्ष प्रतिवेदन पेश गर्न देहाय वमोजिमका माननीय सदस्यहरु रहने गरी एक उपसमिति गठन गर्नेः

माननीय श्री घनश्याम भुसाल — संयोजक

माननीय श्री राम कुमारी झाक्री — सदस्य

माननीय श्री रामवावु कुमार यादव — सदस्य

माननीय श्री सरवत आरा खानम हलवाइनी — सदस्य

माननीय श्री हरि राज अधिकारी — सदस्य

उपसमितिको कार्यावधी र कार्यविधी देहायवमोजिम हुनेछः

- उपसमितिको कार्यअवधी पहिलो वैठक वसेको मितिले १५ दिनको हुने छ ।
- उपसमितिले हाल लाइसेन्स लिएका License Holder हरुको विवरण, लाइसेन्स लिएको मिति, अवधि, लाइसेन्सका शर्त, कार्य प्रगति लगायतका विषयमा अध्ययन गर्ने छ ।

- लाइसेन्स होल्डरहरुले विगतमा विक्री गरेको शेयर वा लाइसेन्स, त्यसबाट राज्यले प्राप्त गरेको राजश्वको विवरण समेत अध्ययन गर्ने,
- उपसमितिले माथिल्लो मर्स्याङ्गदी २ को विक्री संविधान, ऐन, कानुन सम्मत भए नभएको, यसले राष्ट्रिय हितमा कुनै असर पार्ने नपार्ने, कानुन बमोजिम राज्यले प्राप्त गर्ने राजश्व प्राप्त भए नभएको र समग्र अर्थतन्त्रमा पार्ने असरको सम्बन्धमा अध्ययन गरी प्रतिवेदनमा समावेश गर्नेछ ।
- जलविद्युत विकास सम्बन्धि नीतिगत र कानुनी व्यवस्थाको अध्ययन गरी गर्नुपर्ने सुधारका लागि सिफारिस गर्ने छ ।
- उपसमितिले अन्य कार्यविधी आफैं निर्धारण गर्ने छ ।